धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

नगर कार्यपालिका वैठक, वैठक संख्या १४/०८१/०८२

आज मिति २०८२ साल वैशाख १६ गते, मंगलबार दिनको ३:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता वज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री अम्बिका प्रसाद चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री वेद प्रसाद सापकोटा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | प्रेमबहादुर दाहाल | का.वा. अध्यक्ष | धरान ५ | |

३. राजेन्द्र न्यौपाने, का.वा. अध्यक्ष धरान ६

४. राम बहादुर राई आ.प.

५. [illegible] ११५ का.पा.

मिति २०८२/०१/१६ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएकाछलफल र निर्णय भएका विषयहरुः

१. बैठकको गणपुरक संख्या सम्बन्धमा।

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

यस अघि मिति २०८१/१२/१४ गते बसेको कार्यपालिकाको बैठकमा जम्मा ७ वटा निर्णयार्थ पेश भएका थिए। उक्त पेश भएका निर्णयार्थहरु मध्ये केहि कार्यान्वयन भएको र केहि कार्यान्वयनको चरणमा रहेको बैठकमा जानकारी भयो।

३. प्रदेश समपुरक अनुदान योजना माग गर्ने सम्बन्धमा।

प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१/१२/२१ को पत्र अनुसार आ.ब. २०८२/०८३ का लागि कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम प्रदेश सरकार र स्थानीय तह समेतको लागत साझेदारी हुने गरी तपसिलका आयोजनाहरु पेश गर्ने निर्णय गरियो।

I. क्रमागत आयोजनाको रकम मागः-

| क्र स | आयोजनाको नाम | अनुदान प्रकार | स्वीकृत कुल लागत (रु.) | स्वीकृत अवधि (वर्ष) | स्वीकृत आ.ब. | स्वीकृत रकम रु. (प्रथम वर्ष) | माग रकम रु. (दोस्रो वर्ष) |
|---|---|---|---|---|---|---|---|
| १ | २० नं. वडाको चिण्डो डाँडाबाट धरान मुख्य बजार पुग्ने ग्रामिण सडक, धरान-२० (कोड नं. ७८३) | समपुरक अनुदान | ४,९९,००,५२७/८३ | २ | ०८१/०८२ | १,००,००,०००/- | २,२४,३५,३४३/०९ |

II. नयाँ आयोजना मागः-

| क्र.सं. | आयोजनाको नाम | कार्यविधिको दफा ३ बमोजिमको क्षेत्र | कुल लागत (रु.) | अवधि(वर्ष) | स्थानीय तहको लागत साझेदारी (रु.) |
|---|---|---|---|---|---|
| १ | तीन ढ्वाङ्गे खोला नियन्त्रण, धरान-८ | सिंचाई तथा नदी नियन्त्रण | ४,९५,४१,६१४।९० | २ | ३,९६,३३,२९१।९२ |

४. स्थानीय तहको प्राथमिकता प्राप्त विकास आयोजनाकोरुपमा खानेपानी आयोजनालाई स्वीकृत गर्ने सम्बन्धमा।

नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गत कोशी नदीबाट धरानमा पानी ल्याउने गरी अध्ययन भई तयार भएको विस्तृत अध्ययन प्रतिवेदनका आधारमा तयार भएको धरान खानेपानी आयोजनालाई स्थानीय तहको प्राथमिकता प्राप्त विकास आयोजनाकोरुपमा सञ्चालन गर्ने निर्णय गरियो। साथै उक्त आयोजना सञ्चालनका लागि स्थानीय तहले गर्नुपर्ने लागत साझेदारीको रकम आगामी आ.ब.को बजेटमा सुनिश्चित गर्ने निर्णय गरियो।

५. दररेट सम्बन्धमा।

धरान उपमहानगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ का लागि आवश्यक तपसिल बमोजिमका सामाग्री तथा सेवाको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

| क्रस | सामाग्री/सेवाको विवरण | इकाई | पारित दररेट (रु.) | |
|---|---|---|---|---|
| १ | रंगशालामा खेलाडी बस्ने आराम कुर्सी (छाना पोलिकार्बोनेट सिट १.५ mm, २ इन्च स्क्वायर पाइप २mm १-१.५ इन्च स्क्वायर पाइप २mm,बस्ने कुर्सी प्लाष्टिकको ७ थान १३% भ्याट समेत) प्रति सेट | सेट | १,२४,०००/- | |
| २ | Digital Signature Certificate crypto Token नविकरण दस्तुर (१३% भ्याट समेत) | गोटा | ५,८००/- | |

६. धरान-४ का योजनाहरु सम्बन्धमा।

क. शिवजट्टा जाने बाटो ड्रेन तथा साइड वाल निर्माण।

धरान बजारबाट करिब ५ किलोमिटर उत्तरपूर्वमा धरान-४ मा अवस्थित धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको शिवजट्टा मन्दिर जानेबाटो ज्यादै जिर्ण कच्चि अवस्थामा रहेकोले उक्त स्थानका स्थानीयवासी, मन्दिर आवतजावत गर्ने मानिस तथा सवारी साधनहरुलाई बाटोका कारण आवतजावतमा समस्या रहेको हुँदा उक्त पर्यटकीय तथा ऐतिहासिक स्थल शिवजट्टा मन्दिर जाने बाटो, ड्रेन तथा साइट वाल निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो।

ख. शिवजट्टा मन्दिर मर्मत सम्भार सम्बन्धमा।

धरान बजारबाट करिब ५ किलोमिटर उत्तरपूर्वमा धरान-४ मा अवस्थित धार्मिक पर्यटकीय गन्तव्यको प्रचुर सम्भावना रहेको शिवजट्टा मन्दिरको भौतिक संरचना जिर्ण अवस्थामा रहेकोहुँदा उक्त ऐतिहासिक स्थलमा रहेको मन्दिर मर्मतका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो।

ग. सार्वजनिक शौचालय निर्माण सम्बन्धमा।

धरान उपमहानगरपालिका वडा नं. ४ हुँदै आवतजावत गर्ने मानिसहरुको सुविधा र वातावरण सफा राख्ने उद्देश्यका साथ धरान उपमहानगरपालिका पुरानो ४ नं. वडा कार्यालय स्थलको छेउमा सार्वजनिक शौचालय निर्माणका लागि वडा कार्यालयबाट जग्गा माग भई आएकोले उक्त स्थानमा सार्वजनिक शौचालय निर्माणका लागि जग्गा उपलब्ध गराइने निर्णय गरियो।

७. बाटो दर्ता तथा नामाकरण सम्बन्धमा।

क. धरान उपमहानगरपालिका वडा नं. १४ निवासी अनिता पौडेल समेत ३ जनाले दिनु भएको निवेदन बमोजिम बाटोको नामाकरण तथा मापदण्ड निर्धारण विषयमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमनको आधारमा शाखा महाशाखाबाट सम्पूर्ण प्रक्रिया पुरा गरी पेश गरिएको बाटोको मापदण्ड, नामकरण स्वीकृत गर्ने निर्णय गरियो।

| क स | प्रस्ताविक बाटोको नाम, ठेगाना | प्रस्ताविक बाटोको मापदण्ड | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|---|
| १ | तीनधारे पथ लुप "क" | १४ फिट (२०७२/०६/१३ अघि कित्ता काट भएको) | तीनधारे पथ देखि | पश्चिम बन्द (कि.नं. ३२१,४१७,४१५,४१२) (साविक कि.नं. ७२,६४) | कि.नं. ४०७, ४१४, ४०३, ४१६, ४१८ मिति २०७२/०५/२९ गते ने.स. मा चढाएको। |

ख. धरान उपमहानगरपालिका वडा नं. २० स्थित कालिमाटी आँपटार टोल विकास संस्थाका अध्यक्ष विर सिंह तामाङ्ग समेत २० जनाले दिनु भएको निवेदन सम्बन्धमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमनको आधारमा शाखा महाशाखाबाट सम्पूर्ण प्रक्रिया पूरा भई मिति २०८२/०१/०८ गतेको नगर प्रमुख स्तरीय निर्णयबाट स्वीकृत भएको तपसिलको बाटोको मापदण्ड, नामकरण अनुमोदन गर्ने निर्णय गरियो।

| क स | प्रस्ताविक बाटोको नाम, ठेगाना | प्रस्ताविक बाटोको मापदण्ड | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुलिकोट मार्ग, धरान-२० | ३० (फिट) | देवि मार्ग (सर्दु पुल) | कालिखोला टोल, आँपटार, गुरुङ्गछाप, चिण्डोडाँडा, टोड्के, बाघखोप हुँदै गुराँसे भन्ज्याङ्ग जोड्ने बाटो सम्म | चलनचल्तीको बाटो |

ग. यस धरान उपमहानगरपालिकाको मिति २०७५/१२/०८ गतेको कार्यपालिकाको निर्णय नं. १ मा टुक्रे बाटो सम्बन्धमा मिति २०७२/०६/१३ भन्दा अघि कित्ताकाट भएको बाटोको मापदण्ड कायम गर्दा पूर्व निर्णय भएको साविक पाँचकन्या र विष्णुपादुका गा.वि.स. बाहेक यदि १०० मि. लम्बाई भई Dead end (टुंगिने) भएको अवस्था भए १४ फिट चौडा सडक मापदण्ड कायम गर्ने निर्णय भैसकेको छ। यसरी एउटै उपमहानगरपालिका भित्र वडा अनुसार फरक मापदण्ड कायम हुँदा साविक पाँचकन्या र विष्णुपादुका गा.वि.स. का स्थानीयवासीहरुबाट पटक पटक जनगुनासो आएकाले उक्त साविक पाँचकन्या र विष्णुपादुका गा.वि.स. हाल धरान उपमहानगरपालिका भित्रकै वडाहरु अन्तर्गत रहेको हुँदा २०७२/०६/१३ भन्दा अघि कित्ताकाट भएका बाटोको मापदण्ड १४ फिट राखि सबै वडा (वडा नं. १-२०) मा समान मापदण्ड तथा सडक सेटव्याक लागु गर्ने निर्णय गरियो।

८. <u>घर नक्सा पास सम्बन्धमा।</u>

धरान उपमहानगरपालिका वडा नं. १० साविक धरान-८ निवासी अमरित बहादुर सार्कीको नाममा सुनसरी जिल्ला अदालतबाट फैसला भई भूमि व्यवस्थापन तथा अभिलेख विभाग, मालपोत कार्यालय धरानबाट दा.खा. भएको अंशभाग कि.नं ३५३४ क्षेत्रफल ०-०-४.२५ भएको जग्गामा घर निर्माणका लागि घर नक्सा पास गरी पाउँ भनि निवेदन पेश गरिएको सम्बन्धमा धरान उपमहानगरपालिका भवन तथा योजना मापदण्ड २०५६ (परिमार्जन २०७०) बुँदा नं. २२ मा घडेरीको न्यूनतम क्षेत्रफल बारे भवन निर्माणका लागि मुख्य व्यापारीक क्षेत्रमा कम्तिमा ३ धुर र अन्य क्षेत्रमा कम्तिमा ५ धुर क्षेत्रफलको घडेरी/जग्गा हुन पर्ने व्यवस्था रहेकोमा अमरित बहादुर सार्कीको नाममा रहेको घडेरी ५ धुर पुग्नका लागि ०.७५ कम रहेकोले उक्त व्यहोराको निवेदन सहितको सक्कल फाईल आवश्यक कारवाहीका लागि सम्बन्धित वडा कार्यालयमा पठाउने र वडा कार्यालयबाट सिफारिस भई आए पश्चात कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

९. <u>खत्री शवदाह स्थलमा हावाबाट शव जलाउने मेसिन मागका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।</u>

धरान उपमहानगरपालिका वडा नं. १५ स्थित खत्रीधारा झीगु शवदाहा स्थलमा मृत्यु भएका व्यक्तिको शव आफ्नो परम्परा, धर्म, संस्कृति अनुसारदाहासंस्कार गरिने भएकोले उक्त स्थानमा वातावरणलाई प्रभाव नपर्ने किसिमको, कम लागतमा, छिटोशव जलाउन अत्याधुनिक प्रविधिबाट हावाबाट अक्सिजन निकाली शव जलाउने भट्टी निर्माण (लागत रु. ३१,५०,०००/-) आयोजना प्रस्तावका लागि सामाजिक विकास मन्त्रालय, विराटनगर, मोरङ्गमा पेश गर्ने निर्णय गरियो।

१०. <u>विविध।</u>

क. **श्रेया बचत तथा ऋण सहकारी संस्थालाई समस्याग्रस्त सूचिमा राख्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. १५ स्थित रहेको श्रेया बचत तथा ऋण सहकारी संस्थाले सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुसारको प्रक्रियाहरुलाई पालना नगरेको र उक्त संस्थाले विगत ६ वर्ष अगाडीबाट अरबौंको रकम ठगेको भनि धरान उपमहानगरपालिकाको कार्यालयबाट समस्याग्रस्त घोषणा गरी सबै सहकारी पिडितहरुको रकम फिर्ता गराउनका लागि पिडितहरुबाट लिखित अनुरोध भई आएकोले सो विषयमा यस कार्यालयको कानूनी सल्लाहकारको राय परामर्श माग गरिएकोमा कानूनी सल्लाहकारबाट दिइएको राय बमोजिम सहकारीको रकम हिनामिना गरेको (ठगी) मुद्धा श्रेया बचत तथा ऋण सहकारी संस्था लि. का संचालक/अध्यक्ष वर्ष ४९ को लोकबहादुर लिम्बु विरुद्ध (मुद्धा नं. ०७९-C१-०७३८) श्री सुनसरी जिल्ला अदालतमा विचाराधिन अवस्थामा रही मुल्तवीमा रहेको। यसमा निवेदकहरुको निवेदन मागलाई विचार गर्दा उक्त श्रेया बचत तथा ऋण सहकारी संस्थाले यस धरान उपमहानगरपालिकाको सहकारी ऐन, २०७५ को परिच्छेद १८ दफा ७७ (१) को (क) देखि (ज) सम्म भएको व्यवस्थामा उल्लेख भए बमोजिमको कार्य गरेको देखिदा उक्त संस्थालाई समस्याग्रस्तको सूचीमा राख्न उपयुक्त हुने र सो कार्यको सहयोगका लागि सम्बन्धित निकाय श्री प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवा, सुनसरीलाई पठाउने राय प्राप्त भएकोले सोहि बमोजिम गर्ने निर्णय गरियो।

ख. <u>आर्थिक सहयोग।</u>

यस नगर क्षेत्रका बसोबास गर्ने नागरिकहरू गम्भिर रूपमा विरामी भै उपचारको लागि सहयोग मागभै पर्न आएका निवेदन साथै सम्बन्धित वडावाट भएको सिफारिसका आधारमा तपशिल अनुसार उपचार सहयोग उपलब्ध गराउनेनिर्णय गरियो।

- शर्मिला मरिक, धरान-११, क्यान्सर रोग लागि उपचार्थ अवस्थामा रहेकोले उपचार सहयोग रु. १५,०००/-
- गोपाल कुमार परियार, धरान-१६, हर्निया रोग लागि उपचार्थ अवस्थामा रहेकोले उपचार सहयोग रु. १५,०००/-
- लालबहादुर गिरी नगरप्रहरी, विरामी भई उपचार खर्च सहयोग रु. १५,०००/-
- इन्सान राई, नगर प्रहरी जवान, विरामी भई उपचार खर्च सहयोग रु. १५,०००/-
- लक्ष्मी वि.क., धरान-८ मानसिक रोगबाट पिडित भई उपचार्थ अवस्थामा रहेकोले उपचार सहयोग रु. १५,०००/-